**यस समारोहका सभाध्यक्ष्य महोदय, प्रमुख अतिथिज्यू आमन्त्रित अतिथिवर्ग अभिभावकज्यूहरु, क्याम्पस ब्यवस्थापन समितिका पूर्व पदाधिकारी सदस्यहरु, निवर्तमान क्याम्पस व्यवस्थापन समितिका पदाधिकारी सदस्यहरु, क्याम्पस सेवा क्षेत्र भित्रका उच्च मा.वि. तह विद्यालयका अध्यक्ष एवं प्रधानाध्यापक ज्यूहरु, यस क्याम्पसमा कार्यरत सम्पूर्ण शिक्षक कर्मचारी साथीहरु र विद्यार्थी भाइ बहिनीहरु तथा अन्य उपस्थित महानुभावहरु सबैमा यस क्याम्पसको तर्फबाट हार्दिक स्वागत सहित अभिनन्दन व्यक्त गर्दछु र यस क्याम्पसको आर्थिक भौतिक तथा शैक्षिक प्रतिवेदन तपाईहरु समक्ष पेस गर्दछु ।**

## १. पृष्ठभूमी :

कर्णाली प्रदेश मुलुककै एक अनुपम क्षेत्र हो । यस प्रदेशमा १० वटा जिल्लाहरु पर्दछन् । यहाँको रमणीय प्राकृतिक दृश्य, जैविक विविधता, अध्ययन अध्यापनका लागी अनुकुल हावापानीका कारण सबै जिल्लाका लागी आकर्षणको केन्द्रका रुपमा रहदै आएको छ ।

यस क्याम्पसको सेवाक्षेत्र सामाजिक, आर्थिक, र साँस्कृतिक विविधताले धनी क्षेत्र रहेको छ । आदिबासी जनजाती, बाहुन, क्षेत्री, मधेसी, दलीत लगायतको विविधतापूर्ण बसोबास रहदै आएको छ । जसका मूल्य मान्यता, परम्परा र विश्वासमा विविधता रहेतापनि सामाजिक सद्भाव र सहिष्णुताले यहाँको सामाजिक एकता र सचेतनाको स्तर माथि रहेको देखिन्छ ।

अनुकूल वातावरणीय अवस्था सामाजिक आर्थिक र साँस्कृतिक गतिशीलता तथा सीमावर्ती क्षेत्रको प्रभावका कारण यस क्षेत्रका जनता परम्परादेखि नै शिक्षाप्रेमी रहदै आएका पाइन्छ । देशका अन्य जिल्ला र क्षेत्रको तुलनामा यहाँको शैक्षिक स्तर कमजोर रहेको अवस्था छ । शिक्षा क्षेत्रमा लागनी गर्नु पर्दछ भन्ने भावना अधिकांश जनतामा रहेको पाइएता पनि भौगोलिक विकटता, आर्थिक अवस्थाको प्रतिकुलताको कारण गुणस्तरीय शैक्षिक उन्नति भएको पाईदैन । जसलाई मध्यनजर गर्दै यस क्याम्पसको सेवा क्षेत्र भित्रका उच्च मा.वि.हरुको संख्या बढ्दै गएको हुँदा गुणस्तरीय उच्च शिक्षाको सम्भावनालाई मध्यनजर गर्दै विगत ९ वर्ष देखि यस क्षेत्रमा उच्च शिक्षाको अवसर प्रदान गर्दै आएको यस क्याम्पसलाई आजको अवस्था सम्म ल्याइपुर्याउन यही क्षेत्रका शिक्षाप्रेमी नागरिक, समर्पित प्राध्यापक, कर्मचारी विद्यार्थी, सहयोगी र शुभेच्छुकहरुको हात रहेको छ । आगामी दिनमा समेत यसलाई अझ समुन्नत र समृद्ध बनाउन यहाँको भौगोलिक, सामाजिक, आर्थिक, सांस्कृतिक र शैक्षिक अवस्था र विशिष्टताले साथ दिइरहने कुरामा दुईमत छैन ।

### १.१ संक्षिप्त ऐतिहासिक पृष्ठभूमि

हिमशिखर बहुमुखी क्याम्पस सञ्चालनका लागि तत्कालिन रामघाट गा.वि.स. को २०६७/०६८ र २०६८/०६९ को गाउ परिषद्को निर्णयानुसार शिखर मा.वि. रामघाट सुर्खेतको भौतिक संरचना प्रयोग गर्नेगरी र क्याम्पस सञ्चालन सम्बन्धन एवं भौतिक

संरचना निर्माणका लागि रु. १०,६३,५९४।२५ रकम क्याम्पसको आधिकारिक सम्बन्धन तथा खाता सञ्चालन नभएको हुँदा शिखर मा.वि. रामघाट मार्फत रु. १,००,०००। पहिलो पटक र रु. १०,३१,०००। गरि जम्मा रु. ११,३१,०००। उक्त विद्यालयबाट प्राप्त भई सोही रकमबाट क्याम्पस सम्बन्धनका लागि धरौटी वापत् साथै अन्य खर्च भएको र सोही अनुसार सम्बन्धनका लागि कार्य प्रक्रिया अगाडि बढाउने क्रममा त्रिभुवन विश्वविद्यालयको २०६९/४/१४ को प्राप्त पत्रानुसार सम्बन्धन प्राप्त गरि मिति २०६९/८/१७ गते देखि जम्मा ४७ जना विद्यार्थीहरुबाट ३ वर्षे वि. एड्. संकाय सञ्चालन गरि तत्कालिन गाउ शिक्षा समिति रामघाटबाट रु. ५,००,०००। सापटी स्वरुप प्राप्त भई त्रिभुवन विश्वविद्यालयको २०७०/८/१९ गतेको प्राप्त पत्रानुसार सम्बन्धन प्राप्त गरि व्यवस्थापन संकायमा २१ जना विद्यार्थीहरुबाट कक्षा सञ्चालन भई हाल दुवै संकाय गरि करिब ५०३ जना विद्यार्थीहरु अध्ययनरत रहेको अवस्था छ भने १९ जना शिक्षक कर्मचारीहरु कार्यरत रहेको अवस्था छ । साथै क्याम्पस शुरुवाती अवस्थामा यस क्याम्पसका विद्यार्थीहरुको पठनपाठनलाई सहजीकरण गर्न लेकवेशी न.पा. वडा नं. ४ बस्ने समाजसेवी श्री तोयानाथ शर्मा को पहलमा उहाँका छोराहरु धनीराम शर्मा र हरिप्रसाद शर्मा को करिब ८४,०००। बराबरका पुस्तकहरु निशुल्क रुपमा उपलब्ध गराई यस क्याम्पसका विद्यार्थीहरुको लागि ठूलो सहयोग रहेको छ । २०७४ भाद्र देखि भेरीगंगा नगरपालिकाको अख्तियारी ईजाजत अनुसार सेवा केन्द्रका २ वटा भवनमा कक्षा सञ्चालन गरि भेरीगंगा नगरपालिका, विश्वविद्यालय अनुदान आयोग, संघ सरकार, कर्णाली प्रदेश सरकार तथा विभिन्न सरकारी निकायहरुको करिब रु. ३,६५,००,०००। बराबरको भौतिक संरचना तयार गरियो भने उक्त संरचना भेरीगंगा नगरपालिका एवं सर्वदलीय समिति, कर्णाली प्रदेश माननीयहरु, क्याम्पस व्यवस्थापन समिति र मध्यपश्चिमाञ्चल विश्वविद्यालय सहितको सम्झौतामा कृषि विज्ञान केन्द्रिय क्याम्पस तथा डिन कार्यालय सञ्चालनका लागि लागि मध्यपश्चिमाञ्चल विश्वविद्यालय लाई हस्तान्तरण भैसकेको हुँदा यस हिमशिखर बहुमुखी क्याम्पसको लागि नयाँ भवन तथा अन्य भौतिक संरचना तयार गरि कक्षा व्यवस्थित गर्न तत्काल जरुरी देखिएको छ । साथै उक्त संरचनाहरु यस सर्वदलीय समिति, क्याम्पस व्यवस्थापन समितिको माग र भेरीगंगा नगरपालिकाको निर्णय सहमति अनुसार भेरीगंगा न.पा. ११ को सेवा केन्द्र नजिक रहेको नगरपालिका मातहतको जग्गामा क्याम्पसका भौतिक संरचनाहरु निर्माणका लागि आ.व. २०७९/०८० मा विश्वविद्यालय अनुदान आयोग बाट रु. ५०,००,०००। , भेरीगंगा नगरपालिका बाट रु. ३५,००,०००। र आ.व. २०८०/०८१ मा भेरीगंगा नगरपालिका बाट रु. ५०,००,०००। प्राप्त भई भवन निर्माणका कार्यहरु प्रविधिक लागत स्टमेट अनुसार सञ्चालन भईरहेको ।

यसरी क्याम्पस स्थापना तथा सञ्चालनमा अतुलनिय भौतिक, आर्थिक, नैतिक रुपमा सहयोग गर्ने श्री शिखर मा.वि. रामघाट सुर्खेत, पाठ्यपुस्तक सहयोग गर्ने लेकवेशी

नगरपालिका वडा नं. ४ बस्ने तोयानाथ शर्मा लगायत उहाँका छोराहरु, भेरीगंगा नगरपालिका, यस निर्वाचन क्षेत्रका संघीय र प्रदेश माननीयहरु, विश्वविद्यालय अनुदान आयोग, कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालय,सामुदायिक अध्ययन केन्द्र साथै पूर्व तथा निवर्तमान व्यवस्थापन समिति सबैमा यस हिमशिखर बहुमुखी क्याम्पस भेरीगंगा ११ रामघाट सुर्खेतको तर्फबाट हार्दिक सम्मान व्यक्त गर्दछु । साथै माथि उल्लेखित सहयोग गर्ने निकायहरुबाट थप सहयोग प्राप्त हुने कुरामा आशावादी छौँ ।

यस क्षेत्रमा कर्णाली प्रदेशको भेरीगंगा नगरपालिकालाई शिक्षा क्षेत्रको हब बनाउने उद्धेश्यका साथ अथक एवं लामो प्रयास पछि यस नगरपालिका अन्तर्गतका राजनितिक व्यक्तित्व, जनप्रतिनिधि, समाजसेवी, व्यापारी, बुद्धिजिवि एवं यस क्याम्पस व्यवस्थापन समितिका निवर्तमान एवं पूर्व पदाधिकारी सदस्यहरु, शिक्षक कर्मचारीहरु एवं विद्यार्थीहरुको सकारात्मक सोचका कारण हाल त्रिभुवन विश्वविद्यालय बाट सञ्चालित हिमशिखर बहुमुखी क्याम्पसको २५ कोठाको नवनिर्मित भवन, ४ कोठे निर्माणधिन भवन सहितको संरचनाहरु मध्यपश्चिमाञ्चल विश्वविद्यालयलाई हस्तान्तरण गरी यस क्षेत्रको एवं कर्णाली प्रदेशकै एक मात्र सरकारी स्तरको कृषि विज्ञान क्याम्पस एवं डिन कार्यालय २०७८ साल देखि नै स्थापना भएको हुँदा यस क्षेत्रमा कृषि क्षेत्रको विकास एवं रोजगारीको अवसर प्राप्त हुने देखिएको छ ।

अब उप्रान्त हिमशिखर बहुमुखी क्याम्पसको भौतिक संरचनाहरु शैक्षिक भवन २१ कोठा, प्रशासनिक भवन १० कोठा, पुस्तकालय एवं सभाहल निर्माण गर्नुपर्ने भएकोले भेरीगंगा नगरपालिका, कर्णाली प्रदेश सरकार, संघिय सरकार, विश्वविद्यालय अनुदान आयोगलाई आजसम्मको सहयोगको लागि धन्यवाद दिदै थप सहयोगका लागि अनुरोध गर्दछु ।

हाल हिमशिखर बहुमुखी क्याम्पस सामुदायिक (पब्लिक) भएको विद्यार्थीहरुको शुल्क नै आर्थिक आधार भएको हुँदा समग्र परिस्थिति अनुसार शिक्षक कर्मचारीहरुको सुविधा व्यवस्थापन गर्न कठिन हुने भएकोले मध्यपश्चिमाञ्चल विश्वविद्यालयको आंगिक क्याम्पसको रुपमा समायोजनका लागि सम्बन्धित पक्षसँग कार्य प्रक्रिया अगाडी बढाउने कार्यक्रम रहेको छ ।

## २. **शैक्षिक कार्यक्रम**

हाल यस क्याम्पसमा स्नातक तहमा शिक्षाशास्त्र र व्यवस्थापन संकायको पठनपाठन भइरहेको छ । साथै यस क्षेत्रको तुलनात्मक लाभ र सामाजिक आर्थिक तथा सांस्कृतिक

विशिष्टता र आवश्यकतानुसार कार्यक्रम थप गर्दै जानुपर्ने आवश्यकता रहेको छ । यसका लागि दुबै संकायमा स्नातकोत्तर (मास्टर्स डिग्रि) र शिक्षा शास्त्र संकायमा विषय थप गर्दै जानुपर्ने देखिन्छ ।

## २.१ पाठ्यक्रम व्यवस्थापन

यो क्याम्पस त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त भएकोले त्रि.वि बाट स्वीकृत पाठ्यक्रमकै आधारमा पठनपाठन कार्य सञ्चालन भईरहेको छ ।

## २.२ विद्यार्थी प्रवाह र संरचना

शैक्षिक सत्र २०८०/०८१ को अभिलेख अनुसार हाल यस क्याम्पसमा २ वटा संकायमा जम्मा ५०३ विद्यार्थीले उच्च शिक्षा हासिल गरिरहेका छन् । जसमध्ये ६६ प्रतिशत छात्रा र ३४ प्रतिशत छात्र रहेका छन् । विद्यार्थी विवरणको तालिकालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

विद्याथी विवरण :

| क.सं. | संकाय | विद्यार्थी विवरण | | जम्मा |
|---|---|---|---|---|
| | | छात्रा | छात्र | |
| १ | बि.ए.ड प्रथम बर्ष | ६८ | ३७ | १०५ |
| २ | बि.ए.ड दोस्रो बर्ष | ५८ | २२ | ८० |
| ३ | बि.ए.ड तेस्रो बर्ष | ४७ | २५ | ७२ |
| ४ | बि.एड चौथो वर्ष | ३५ | ०९ | ४४ |
| ५ | बि.बि.एस प्रथम बर्ष | ५३ | २७ | ८० |
| ६ | बि.बि.एस दोस्रो बर्ष | ३४ | २१ | ५५ |
| ७ | बि.बि.एस तेस्रो बर्ष | २७ | २१ | ४८ |
| ८ | बि.बि.एस चौथो बर्ष | १४ | ०५ | १९ |
| | जम्मा | ३३६ | १६७ | ५०३ |

## २.३ मानव संसाधनको अवस्था

यस क्याम्पसमा क्याम्पस प्रशासन पदाधिकारी, प्राध्यापक, र कर्मचारी लगायतका मानवीय संसाधन कार्यरत रहदै आएका छन् । जसअनुसार क्याम्पस प्रमुख १ जना, सहायक क्याम्पस प्रमुख १ जना (शिक्षा र व्यवस्थापन संकाय), विभागीय प्रमुखहरु २ जना, प्राध्यापक १४ जना र कर्मचारीहरु २ जना रहेका छन् । विभिन्न विषयगत अल्पकालीन तालिमका अवसरहरुमा समेत सहभागीताका लागि अवसर प्रदान गरिदै आइएको छ । स्नातकोत्तर गरेका प्राध्यापकहरु कार्यरत रहेका छन् । यस बाहेक प्राध्यापक तथा कर्मचारीहरुका लागि आधुनिक प्रविधि लगायतका क्षेत्रमा क्रमशः क्षमता र दक्षता हासिल गर्दै जाने रणनीति लिइदै आएको छ । भविष्यमा लागत प्रभावकारिताका आधारमा स्थानीय विशिष्टताका क्षेत्रमा प्राध्यापक, विद्यार्थी, कर्मचारी र अन्यलाई समेत अल्पकालीन प्रकृतिका क्षमता अभिवृद्धि तालिमहरुको पहिचान र सञ्चालन गर्दै जानुपर्ने आवश्यकता समेत रहेको छ ।

मानव संसाधनसम्बन्धी विस्तृत विवरण निम्नानुसार उल्लेख गरीएको छ ।

| क्र.स | शिक्षक विवरण | पद /बिषय | योग्यता | कैफियत |
|---|---|---|---|---|
| १. | धनसिह खडका | क्याम्पस प्रमुख (नेपाली) | एम.एड | |
| २. | बालकृष्ण बुढा | सहायक क्याम्पस प्रमुख ( स्वास्थ्य) | एम.एड | |
| ३. | लाल बहादुर खडका | विभागीय प्रमुख (शिक्षा) (अंग्रेजी) | एम.एड | |
| ४. | हिरालाल पाण्डेय | बिभागीय प्रमुख(ब्यबस्थापन) ( लेखा) | एम.बि.एस | |
| ५. | टिकाराम पौडेल | नेपाली | एम.एड | |
| ६. | दधिराम आचार्य | अर्थशास्त्र | एम.एड | |
| ७. | चन्द्रलाल चपाई | शिक्षा | एम.एड | |
| ८. | मोहन पौडेल | शिक्षा | एम.एड | |
| ९. | मान बहादुर अधिकारी | कानुन | एम.ए | |
| १०. | ऋषिराम ज्ञवाली | ब्यबस्थापन | एम.बि.एस | |
| ११. | ऋतुराज बराल | ब्यबस्थापन | एम.बि.ए | |
| १२. | भक्त बहादुर बुढा | ब्यबस्थापन | एम.बि.एस | |
| १३. | मिन बहादुर वली | नेपाली | एम.एड | |
| १४. | मदन पुन | गणित | एम.एड | |
| १५. | तुल बहादुर रावत | नेपाली | एम.एड | |
| १६. | दिपेन्द्र डाङ्गी | जनसंख्या तथा स्वास्थ्य | एम.एड | |
| १७. | खुम प्रसाद चपाई | नेपाली | एम.एड | |
| १८. | जनक बहादुर सिहं | नेपाली | एम.एड | |
| १९. | प्रकाश धौलाकोटी | लेखा सहायक | +२ | |
| २०. | कविता शाही | कार्यालय सहयोगी | साक्षर | |

## २.४ सञ्चालक समिति

यस क्याम्पसको वर्तमान क्याम्पस व्यवस्थापन समिति :

| क्र.स | नाम/ थर | पद | ठेगाना |
|---|---|---|---|
| १. | महेन्द्र प्रसाद जैसी | अध्यक्ष | भेरीगंगा १३ सुर्खेत |
| २. | यज्ञ प्रसाद ढकाल | सदस्य | भेरीगंगा नगर प्रमुख |
| ३. | जय बहादुर नेपाली | सदस्य | वडा अध्यक्ष भेरीगंगा ११ |
| ४. | जसबिर चन्द | सदस्य | पुर्व क्याम्पस अध्यक्ष भेरीगंगा ११ |
| ५ | झक बहादुर डाङ्गी | सदस्य | समाजसेवि भेरीगंगा १२ |
| ६. | लालसिंह वुढा | सदस्य | बुद्धिजीवी भेरीगंगा ६ |
| ७. | याम बहादुर नेपाली | सदस्य | बुद्धिजीवी भेरीगंगा १२ |
| ८ | रामराज खड्का | सदस्य | बुद्धिजीवी भेरीगंगा २ |
| ९ | तोयानाथ शर्मा | सदस्य | समाजसेवी लेकवेशी ४ |
| १० | रत्ना चन्द | सदस्य | भेरीगंगा ११ |
| ११ | रत्न बहादुर अधिकारी | सदस्य | उद्योग वाणिज्य संघ प्रतिनिधी भेरीगंगा १२ |
| १२ | सिर्जना रसाईली | सदस्य | स्ववियु सभापति भेरीगंगा ११ |
| १३ | धनसिंह खड्का | सदस्य सचिव | क्याम्पस प्रमुख भेरीगंगा ११ |

## २.५ शिक्षण विधि

यस क्याम्पसमा शिक्षणका प्रमुख विधि भनेको प्रवचन विधि नै हो । प्रवचन विधिका अतिरिक्त प्रश्नोत्तर, छलफल, समूह कार्य, परियोजना कार्य, अवलोकन, शैक्षिक भ्रमण र मिश्रित विधिहरु विषयको प्रकृति र स्रोत साधनको उपलब्धताका आधारमा अपानाइदै आइएको छ । यद्यपि शिक्षण विधिलाई अझै सिकाईमैत्री बनाउन सुधार र विस्तार गर्दै जानु आवश्यक महसूस गरिएको छ । सिकाईलाई थप प्रभावकारी बनाउन मल्टिमिडियाको माध्यमबाट पठनपाठन शुरुवात गरिएको छ ।

## २.६ शिक्षणको माध्यम

यस क्याम्पसमा नेपाली र अंग्रेजी दुवै भाषाको माध्यमबाट अध्यापन गराइदै आइएको छ । तर फरक फरक माध्यममा अध्ययन गर्ने विद्यार्थीहरुलाई एउटै कक्षामा राखेर अध्यापन गर्ने गरिन्छ । आगामी दिनमा पर्याप्त कक्षाकोठा र जनशक्ति उपलब्ध भएमा शिक्षणको माध्यम अनुसार बेग्लाबेग्लै कक्षा कोठाको व्यवस्था गर्ने तर्फ क्याम्पसले सोच बनाएको छ ।

## २.७ विद्यार्थी शिक्षकको अनुपात

यस क्याम्पसको अभिलेख (२०८०) अनुसार कूल विद्यार्थी संख्या ५०३ जना रहेको छ भने हाल यस क्याम्पसमा २ करार र अन्य १६ जना आंशिक गरी जम्मा १८ जना प्राध्यापकहरु र २ जना आंशिक कर्मचारीहरु गरि जम्मा २० जना संख्या रहेको छ । जसअनुसार यस क्याम्पसमा हाल ३० जना विद्यार्थी बराबर १ प्राध्यापक रहेको देखिन्छ ।

## २.८ परीक्षा र मूल्यांकन प्रणाली

हिमशिखर बहुमुखी क्याम्पस भेरीगंगा रामघाट, त्रिभुवन विश्वविद्यालयको सम्बन्धन प्राप्त क्याम्पसका रुपमा रहेको हुदा त्रि.वि.कै प्रचलन अनुसारको सैद्धान्तिक लिखित र मौखिक परीक्षा प्रणाली अपनाउदै आएको छ । जसअनुसार स्नातक तहमा वार्षिक परीक्षा प्रणाली रहेको छ । त्रि.वि.ले सञ्चालन गर्ने परीक्षा र विषयगत पाठ्क्रम र मूल्यांकन प्रणालीका आधारमा अभ्यास शिक्षण, परियोजना कार्य, शैक्षिक भ्रमण लागयतका प्रयोगात्मक मुल्यांकन प्रणाली समेत अपानाइदै आएको छ ।

## २.९ संघ, संगठन, युनियन, सञ्जाल र क्लवहरु

यस क्याम्पसमा नेपाल प्राध्यापक संघ, स्वतन्त्र विद्यार्थी यूनियन, र त्रि.वि. कर्मचारी संगठन जस्ता प्रतिनीधिमूलक संस्था क्रियाशील रहदै आएका छन् भने यस बाहेक विभिन्न विचारधाराका विद्यार्थी, प्राध्यापक, कर्मचारी संघ/संगठन, युवा रेडक्रस सर्कल, समूह, सञ्जाल र क्लवहरु समेत रहेका छन् । क्याम्पसको संस्थागत समृद्धिका लागि यी संघ/संस्थाहरुले समेत रचनात्मक भूमिका निर्वाह गरिरहेका छन् । क्याम्पसको दीर्घकालीन समृद्धिका लागि यी संघ/संगठनहरुवीच पारस्पारिक विश्वास, एकता र समझदारीको विकास गर्दै लैजानु पर्ने आवश्यकता समेत रहेको छ ।

## २.१० शैक्षिक सामग्रीको प्रयोग

विषयको प्रकृतिका आधारमा अत्यावश्यक शैक्षिक सामग्रीहरुको प्रयोग हुदै आएको भएतापनि शिक्षण सिकाईलाई प्रभावकारी बनाउन पर्याप्त शैक्षिक सामग्रीहरुको अभाव रहदै आएको छ । कम्प्युटर लगायतका आधुनिक प्रविधिको अभावमा विभिन्न विषयका कक्षाहरुलाई प्रभावकारी बनाउन सकिएको छैन । स्वास्थ्य र शारीरिक शिक्षा, अनुसन्धान लगायतका विषयहरुमा आवश्यक आधारभुत शैक्षिक सामग्री र उपकरणहरुको अभाव रहेको छ । आगामी दिनमा यी शैक्षिक सामग्री र उपकरण्हरुको सुविधा उपलब्ध गराउन सके शिक्षण सिकाइलाई प्रभावकारी बनाउनुका साथै शैक्षिक स्तरमा समेत पर्याप्त सुधार गर्न सकिने सम्भावना रहेको छ ।

# ३ भौतिक पूर्वाधार

### ३.१ जमिन

यस क्याम्पसको स्वामित्वमा भेरीगंगा नगरपालिका ११ सेवाकेन्द्रमा १ रोपनी जग्गा दर्ता छ भने अब भवन तथा अन्य संरचना निर्माणका लागि भेरीगंगा नगरपालिकाको पछिल्लो निर्णयानुसार छुट्याईएको जग्गा करिब १० रोपनी भित्र थप आवश्यक भौतिक संरचनाहरु निर्माण भईरहेको छ र उक्त जग्गा क्याम्पसको नाममा दर्ता प्रक्रियाको लागि राष्ट्रिय भुमि आयोगमा आवश्यक कागजात सहित फाईल पेस गरिएको छ। भने हाल सम्म सेवा केन्द्रमा अवस्थित भवन निर्माण तथा अन्य संरचना तयार गर्नको लागि तपसिलमा उल्लेखित विभिन्न निकायबाट सहयोग प्राप्त भई काम सम्पन्न भएकोमा उक्त संरचनाहरु तथा सेवा केन्द्रमा रहेको जग्गा र निर्मित संरचना मध्यपश्चिम विश्वविद्यालय र यस क्याम्पससँग सरोकार राख्ने सम्बन्धित पक्ष बिचको सहमति अनुसार कृषि तथा पशु विज्ञान केन्द्रिय कार्यालय एवं डिन कार्यालय स्थापनाका लागि मध्यपश्चिम विश्वविद्यालयलाई हस्तान्तरण भईसकेको अवस्था छ। उक्त संरचनाहरु निर्माणका लागि हालसम्म सहयोग गर्ने विभिन्न निकायहरु एवं रकम निम्नानुसार उल्लेख गरिएको छ :

| क.सं. | सहयोगी निकाय | आर्थिक वर्ष | रकम | प्राप्त | बाँकी |
|---|---|---|---|---|---|
| १. | विश्वविद्यालय अनुदान आयोग (उपकरण खरिद) | २०७४/०७५ | ५,००,००० | ५,००,००० | |
| २. | विश्वविद्यालय अनुदान आयोग (फर्निचर खरिद) | २०७४/०७५ | २,५०,००० | २,५०,००० | |
| ३. | भेरीगंगा न पा सुर्खेत | २०७५।०७६ | २५,००,०००। | २५,००,०००। | |
| ४. | भेरीगंगा न पा सुर्खेत | २०७६।०७७ | २५,००,०००। | २५,००,०००। | |
| ५. | विश्वविद्यालय अनुदान आयोग | २०७५।०७६ | २५,००,०००। | २५,००,०००। | |
| ६. | कर्णाली प्रदेश सरकार सामाजिकविकास मन्त्रालय | २०७५।०७६ | १०,००,०००। | १०,००,०००। | |
| ७. | कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय | २०७६।०७७ | २०,००,०००। | २०,००,०००। | |
| ८. | विश्वविद्यालय अनुदान आयोग | २०७६।०७७ | ५०,००,०००। | ५०,००,०००। | |
| ९. | संसद विकास कोष निर्वाचन क्षेत्र न १ | २०७६।०७७ | १५,००,०००। | १२,५०,७१५। | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सुर्खेत | | | | |
| १०. | संसद विकास कोष निर्वाचन क्षेत्र न १ सुर्खेत | २०७७।०७८ | १५,००,०००। | १३,८६,०००। | |
| ११. | विश्वविद्यालय अनुदान आयोग | २०७७।०७८ | २५,००,०००। | २५,००,०००। | |
| १२. | विश्वविद्यालय अनुदान आयोग(अतिरिक्त क्रियाकलाप) | २०७७।०७८ | १०,००,०००। | १०,००,०००। | |
| १३. | कर्णाली प्रदेश ( नगरपालिका मार्फत) | २०७७।०७८ | २०,००,०००। | २०,००,०००। | |
| १४. | विश्वविद्यालय अनुदान आयोग(पाठ्यपुस्तक) | २०७८/०७९ | ५,००,००० | ५,००,००० | |
| १५. | भेरीगंगा न.पां. भवन निर्माण | २०७९/०८० | ३५,००,००० | ३५,००,००० | |
| १६. | शिक्षा विकास निर्देशनालय(ई-लाईब्रेरी) | २०७८/०७९ | २,५०,००० | २,४६,५५० | |
| १६. | विश्वविद्यालय अनुदान आयोग( भवन निर्माण) | २०७९/०८० | ५०,००,००० | २५,००,००० | |
| १७. | भेरीगंगा न.पां. भवन निर्माण | २०८०/०८१ | ५०,००,००० | | |

१. नगरपालिकाबाट आ व २०७५।०७६ मा प्राप्त रकम रु २५ लाख र विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त रु २५ लाख साथै नगरपालिकाबाट आ व २०७६।०७७ मा विनियोजित रकम रु २५ लाख मध्ये रु ९लाख ८६ हजार ८ सय २२ गरी जम्मा ५९ लाख ८६ हजार ८ सय २२ बाट छ कोठे भवन रंगरोगन सहित निर्माण कार्य सम्पन्न भएको ,

२.कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको सहयोगमा आ व २०७५।०७६ मा रु १० लाख र २०७६।७७ मा रु २० लाख प्राप्त गरी जम्मा रु ३० लाखबाट ३ कोठे भवन रंगरोगन सहित निर्माण कार्य सम्पन्न भएको,

३. कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालयबाट सुरुवात गरी सम्पन्न भवन माथि तलाथपका लागि स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रम प्रतिनिधि सभा सदस्य क्षेत्र न १ सुर्खेतबाट आ व २०७६।०७७ मा विनियोजित रकम रु १५ लाख मध्य रु १२ लाख ५० हजार ७ सय १५ प्राप्त भई ३ कोठे भवनको पिलर र छत ढलान कार्य सम्पन्न भएको र बाँकी अधुरो कार्य आ.व. २०७७।०७८ मा स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रम

प्रतिनिधि सभा सदस्य क्षेत्र न १ सुर्खेतबाट रु. १५ लाख  मध्य १३ लाख ८६ हजार प्राप्त भई कार्य सम्पन्न भएको ।

४. विश्वविद्यालय अनुदान आयोगबाट आ व २०७६।०७७ मा क्रमागत रकम रु ५० लाख र नगरपालिकाबाट प्राप्त हुन बाँकी रकम रु १५ लाख १३ हजार १ सय ७८ बाट भवन निर्माणका लागि ६ कोठे भवनको माथिल्लो २ तला कोठा संख्या १० निर्माण कार्य हुँदै गरेको ।

५. विश्वविद्यालय अनुदान आयोगबाट आ व २०७६।०७७ मा भवन निर्माणका लागि ६ कोठे भवनको माथिल्लो २ तला निर्माण गर्न क्रमागत रकम रु ५० लाखको सम्झौता गरी १० कोठे भवन निर्माण कार्य सम्पन्न भएको ,

६. विश्वविद्यालय अनुदान आयोगबाट आ व २०७७।०७८ मा रकम रु २५,००,०००। ( पच्चिस लाख मात्र)सम्झौता भई पहिलो किस्ताबापतको रकम रु १२,५०,०००। (बाह्र लाख पचास हजार मात्र )प्राप्त भएको र बाँकी काम सम्पन्न गर्नको लागि दोस्रो किस्ता बापतको रकम रु १२,५०,०००। बाह्र लाख पचास हजार  माग गरिएको । साथै पठन पाठनकालागी भवन अपुग हुने भएकोले आ.व. २०७९।०८० मा भवन निर्माणकालागी आवश्यक पर्ने रकम उपलब्ध गराईदिन प्रस्ताव पत्र सहित विश्वविद्यालय अनुदान आयोगमा माग गर्ने ।

७ विश्वविद्यालय अनुदान आयोगबाट आ व २०७७।०७८ मा रकम रु १०,००,०००। (दश लाख मात्र) अतिरिक्त क्रियाकलापको लागी प्राप्त भई काम सम्पन्न भई सकेको ।

८.विश्वविद्यालय अनुदान आयोगबाट आ व २०७८।०७९ मा रकम रु ५,००,०००। (पाच लाख मात्र) पुस्तकालयका लागी प्राप्त भई पाठ्यपुस्तक खरिद गरि सकेको ।

९. भेरीगंगा न.पां. बाट आ.व.२०७९/८० मा रु ३५,००,०० (पैतिस लाख मात्र) विनियोजित भई प्राविधिक स्टमेट अनुसार कार्य सम्पन्न भईसकेको ।

१०. विश्वविद्यालय अनुदान आयोगमा आ.व. २०७९/०८० मा यस क्याम्पसले भवन निर्माणको लागि आवश्यक प्रस्ताव पत्र पेश गरे अनुसार विश्वविद्यालय अनुदान आयोगले भवन निर्माणको लागि आवश्यकता ठानी आ.व २०७९/०८० मा रु ५०,००,०००।(पचास लाख मात्र) विनीयोजन भएको र क्याम्पसको आन्तरीक श्रोत रु.१९१६६५७।७६ (अक्षरुपी उन्नाइस लाख सोह्र हजार छ सय सन्ताउन्न छेयात्तर पैसा) सहित जम्मा रु.६९,१६६५७।७६ (अक्षरुपी उनन्सत्तरी लाख सोह्र हजार छ सय सन्ताउन्न छेयात्तर पैसा) को प्राविधीक लागत स्टेमेट अनुसार भवन निर्माणको लागि टेण्डर प्रक्रियामा गइ सम्पुर्ण प्रक्रिया पुरागरि दिनेश निर्माण सेवा वैजनाथ ८ वाके लाई भ्याट सहित रु.४४,७७,९३१।०९(अक्षरुपी चौवालिस लाख सत्तहर हजार नौ सय एकतिस रुपैया पैसा नौ मा टेन्डर सदर भइ कार्यदेश दिइ प्रविधिक लागत स्टमेट अनुसार कार्य तिव्र रुपमा भइरहेको ।

११. आ.व. २०८०/०८१ मा भेरीगंगा न.पा. बाट रु ५०,००,००० लाख ( अक्षरुपि पचास लाख मात्र) विनियोजन भइ आ.व. ०७९/०८० को विनियोजित रु ३५,००,०० (पैतिस लाख मात्र) रकम बाट फाउण्डेसन र ढलान सम्पन्न भवनमा भुइ तला र पहिलो तला सम्पन्न

हुने गरि प्रविधिक लागत स्टेमेट अनुसार भुइ तलाको वालपर्खाल सम्पन्न गरि पहिलो तलाको ढलान कार्य भइरहेको ।

माथी उल्लेखित भवन निर्माण का लागी रकम विभिन्न निकाय बाट प्राप्त भई निर्माण कार्य सम्पन्न भएतापनि यस हिमशिखर बहुमुखी क्याम्पसको स्वामित्वमा रहेको भवन यहा का सर्वदलिय समिति, राजनितिक दल, क्याम्पस प्रशासक र स्थानिय निकाय लेकवेसी र भेरीगंगा न.पा. को सहमतीमा मध्यपश्चिमाञ्चल विश्वविद्यालय कृषि तथा बन बिज्ञान लाई हस्तान्तरण गरी हाल क्याम्पस भवनको लागि भेरीगंगा नगरपालीकाबाट र विश्वविद्यालय अनुदान आयोगबाट रकम प्राप्त भई भवन निर्माण कार्य हुदै गरेको र विद्यार्थीहरुको पठन पाठन र प्रशासनको लागि कोठा अपुग भएको हुदा भवन निर्माणको लागि आवश्यक रकम प्रविधिक लागत स्टमेट अनुसार उपलब्ध गराउनको लागि प्रस्ताव पत्र सहित विश्वविद्यालय अनुदान आयोगमा रकम माग गर्ने अनुरोध गर्ने । साथै संघ, प्रदेश र स्थानिय सरकारलाई अनुरोध गर्ने ।

### ३.२ पुस्तकालय भवन तथा पुस्तकहरु

विद्यार्थीको अनुपातमा पर्याप्त पूस्तकहरुको व्यवस्था गर्न सकिएको देखिदैन । पुस्तकालय भवन पनि नभएको र ११५० थान मात्र पुस्तकहरु रहेको छ । आगामी दिनमा क्याम्पसमा एक व्यवस्थित, पर्याप्त पाठ्यपुस्तक र सन्दर्भ सामग्री, सुविधा र प्रविधि सम्पन्न बनाउँदै लैजानु पर्ने आवश्यकता रहेको र २०७८/०७९ मा विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त रु. ५,००,०००। रकम बाट पुस्तक खरिद गरि पुस्तकालय स्थापना गरि विद्यार्थीहरुको पठनपाठनलाई सहज बनाईएकोछ ।

**३.३** फर्निचर तथा सहायक सामग्रीहरु, खानेपानी तथा शौचालय, विद्युत तथा सञ्चार, छात्रावास सुविधा, खेलमैदान, प्रयोगात्मक कक्षा र प्रयोगशाला आदिलाई थप व्यवस्थित गर्नुपर्ने देखिएको छ ।

### ४. आर्थिक तथा वित्तीय स्थिति

यस क्याम्पसको गत तीन वर्षको लेखा परीक्षण प्रतिवेदन अनुसार वार्षिक आय र व्यवको संक्षिप्त विवरण निम्नानुसार रहेको देखिन्छः ।

**तालिका न ४. बार्षिक आय र ब्ययको विवरण**

| क्र.स | विवरण | आ.व | | |
|---|---|---|---|---|
| | | २०७७।०७८ | २०७८।०७९ | २०७९/०८० |
| १. | आम्दानी | १,१८,५४,३५१।०९ | १,२०,३९,२०७।२९ | १,१९,४०,०९३.६५ |
| २. | खर्च | ८२,४१,४४०। | ८७,८३,७०४।२१ | ८६,८४,५९०.५७ |
| ३. | सन्तुलन | ३६,१२,९११।०९ | ३२,५५,५०३।०८ | ३२,५५,५०३.०८ |

**४.१ आम्दानीका स्रोतहरु**

यस क्याम्पसका नियमित तथा अनुदान गरी दुई प्रकारका आम्दानीका स्रोतहरु रहेका छन् । नियमित स्रोत अर्न्तगत पनि आन्तरिक तथा बाह्य गरी दुई प्रकारका आम्दानीका स्रोतहरु रहेका छन् ।

**४.२ नियमित स्रोत (आन्तरिक तथा बाह्य)**

क्याम्पसको नियमित आम्दानीको श्रोतको रुपमा विद्यार्थीहरुबाट उठ्ने शुल्क र विश्वविद्यालय अनुदान आयोगको नियमित अनुदान रहेको छ ।

**४.३ अनुदान स्रोत**

यस क्याम्पसको अनुदान स्रोत तर्फ विश्वविद्यालय अनुदान आयोग, भेरीगंगा नगरपालिका र कर्णाली प्रदेश सरकार बाट प्राप्त आम्दानी रहेको छ ।

**४.४ प्रतिविद्यार्थी लागतको अवस्था**

प्रतिविद्यार्थी वार्षिक लागत विश्लेषण गर्दा प्रति विद्यार्थी रु २२१०५।५० हुन आँउछ । अर्थात् एक जना विद्यार्थीलाई वार्षिक रुपमा  बाईस हजार एक सय पाँच रुपया पचास पैसा लगानी रहेको छ ।

**४.५ विद्यार्थी कल्याण तथा छात्रवृत्ति**

यस क्याम्पसले अध्ययनरत विद्यार्थीहरु मध्ये केहीलाई निःशुल्क र केहीलाई छात्रवृत्ति समेत प्रदान गर्दै आएको छ । जसअनुसार गरीव, जेहेन्दार र मेरिटका आधारमा कुल विद्यार्थी संख्याको १० प्रतिशतलाई नि :शुल्क छात्रवृत्ति दिने ब्यबस्था गरिदै आएको छ ।

**७. क्याम्पसको सवल पक्ष, कमिकमजोरी, अवसर र चुनौतिहरु**

हिमशिखर बहुमुखी क्याम्पस भेरीगंगा न.पा रामघाट को  ५ वर्षे रणनैतिक योजना तर्जुमा गोष्ठीमा सहभागी सरोकारवालाहरुको सामुहिक छलफल र अन्तर्क्रियाका आधारमा रणनैतिक योजनाको आधार तय गर्नका लागि संस्थाका सवल, दुर्वल, चुनौति र अवसरका पक्षहरुको विश्लेषण निम्नानुसारले गरिएको छ :

**७.१ सवल पक्ष**

- क्याम्पसको अवस्थिति राम्रो हुनु ।
- भवनहरु विस्तार गर्नका लागि आवश्यक ठाँउ उपलब्ध हुनु ।

- वार्षिक १०० भन्दा बढी विद्यार्थी अध्ययनका लागि आउनेक्रम विद्यमान हुनु ।

- अध्ययनका लागि बाहिरी जिल्लाबाट आकर्षण बढ्दै जानु ।

- बस्नका लागि उपयुक्त, सरल र सस्तो सुविधा उपलब्ध हुनु ।

- सहज र सुगम रुपबाट लोकसेवा आयोगबाट सेवा प्राप्त गर्ने अवसर ।

- अध्ययन अध्यापनका लागि अुनकूल हावापानी रहनु ।

- सुरक्षा र शान्तिपुर्ण वातावरण विद्यमान हुनु ।

- क्याम्पसको catchment क्षेत्रको शैक्षिक अवस्था सवल हुनु ।

- व्यवस्थापन समितिको उच्च क्रियाशीलता हुनु ।

### ७.२ **कमजोर पक्षहरु**

- विद्यार्थीहरुको उपस्थिति नियमित नहुनु ,

- उत्तीर्ण विद्यार्थी प्रतिशत सन्तोषजनक हुनु ,

- कमजोर विद्यार्थी भर्ना हुनु ,

- अध्यापन कार्य गर्न अपेक्षित वातावरण नहुनु ,

- परिवर्तित पाठ्यक्रम अनुसार त्रि.वि ले प्रध्यापकहरुलाई प्रशिक्षित नदिनु ,

- त्रि.वि.ले शैक्षिक क्यालेण्डर बनाउन नसक्नु र निर्माण भए पनि कार्यन्वयन गर्न नसक्नु ,

- विद्यमान वातावरणका कारणले शिक्षण सिकाई प्रक्रियामा सुष्तता हुनु ,

- परीक्षाको नतिजा प्रकाशन हुन लामो समय लाग्नु (१० महिना भन्दा बढी सम्म) ,

### ७.३ **अवसरहरु**

- भेरीगंगा नगरपालिका ले भवन निमार्णमा गर्ने सम्भावना

- प्रदेश सरकारले पुर्वाधार निमार्णमा सहयोग गर्ने सम्भावना ।

- विश्वबिद्यालय अनुदान आयोग ले पनि भवन निमार्ण गर्ने सम्भावना ।

- स्नातकोत्तर कक्षा सञ्चालन गर्ने सम्भावना ।

### ७.४ **चुनौतिहरु वा समस्याहरु**

-व्यक्तिगत/समूहगत विचारधाराका विविधता लाई समेटी व्यवस्थापन गर्नु ।

- विभिन्न स्वार्थहरुलाई क्याम्पसको हितमा समायोजन गर्नु ।

-क्याम्पस प्रति सरोकारवालाहरुको सहभागिता वृद्धि गर्ने ।

- परियोजनाको समाप्ती पछि क्याम्पसको वित्तीय दिगोपनाको सुनिश्चितता गर्ने ।

- भौतिक पुर्वाधार निमार्ण गर्न ।

- स्नातकोत्तर कक्षा सञ्चालन गर्न चुनौती ।

**७.५ समस्या समाधानका उपाय तथा भावी कार्यक्रमहरु :**

**भौतिक तर्फ :**

१. शैक्षिक भवन (२० कोठा)

२. प्रशासनिक भवन (१० कोठा)

३. पुस्तकालय भवन (३ कोठा हल सहित)

४. बहुउद्धेश्यीय सभाहल

५. विद्यार्थी संख्याको आधारमा फर्निचर व्यवस्थापन (५० जोडा)

६. कार्यालय फर्निचरहरु (सोफा, दराज, टेबुल, कुर्सी, कम्प्युटर)

माथि उल्लेखित भौतिक संरचनाहरु प्राथमिकिकरणको आधारमा निर्माण गर्नको लागि सहयोगी निकायहरु, भेरीगंगा नगरपालिका, कर्णाली प्रदेश सरकार, संघीय सरकार, विश्वविद्यालय अनुदान आयोग तथा अन्य सहयोगी संस्थाहरुसँग आवश्यक रकम माग गरि तत्कालै कार्य प्रारम्भ गरिनेछ ।

**शैक्षिक तर्फ :**

१. स्नातकोत्तर (मास्टर्स डिग्री) थप गर्ने

२. स्नातक तहमा विषय थप गर्ने

३. पुस्तकालयको व्यवस्थापन गर्ने

४. विषयगत शैक्षिक सामाग्रीहरु थप गर्ने

५. खेलकुद तथा अतिरिक्त क्रियाकलापलाई व्यवस्थित गर्ने

**मानव संशाधन तर्फ :**

१. त्रिभुवन विश्वविद्यालयको नियमानुसार पूर्णकालिन शिक्षक कर्मचारीहरुको व्यवस्थापन गर्दै जाने

२. शिक्षक कर्मचारीहरुको सेवा सुविधा विस्तार गर्ने

३. विद्यार्थीहरुको पठनपाठनलाई गुणस्तरीय बनाउन नियमित पठनपाठन, सन्दर्भ सामाग्री, खेलकुद, भ्रमण अवलोकन, सभा सेमिनार गोष्ठिको व्यवस्थापन गर्ने ।

अन्त्यमा, सम्पूर्ण अतिथि एवं सहभागी महानुभावहरु, आजको यस भेलामा उपस्थित भई क्याम्पसको आर्थिक, शैक्षिक एवं प्रशासनिक पक्षमा थप सुधार गर्न, यस क्याम्पसको नियमावलीको परिच्छेद ३ को ३.१ बमोजिम सञ्चालक समिति गठन प्रक्रिया सर्बसम्मत चयन गर्न साथै यस प्रतिवेदन माथि आवश्यक सकारात्मक सुझाव सहित पारित गरिदिनुहुन अनुरोध गर्दछु । कार्यक्रममा सहभागिताको लागि सम्पूर्ण अतिथि एवं सहयोगी शिक्षाप्रेमीहरुप्रति धन्यवाद दिदै बिदा हुन्छु । धन्यवाद ।

प्रतिवेदन प्रस्तुतकर्ता

धनसिंह खड्का

क्याम्पस प्रमुख